# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## पूर्विचौकि गाउँपालिका
## डोटी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३६३

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
पूर्विचौकि गाउँपालिका,
डोटी।

**कैफियत सहितको राय**

हामीले पूर्विचौकि गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.१ करोड ६३ लाख ५८ हजार बेरुजु देखिएको छ। सोमध्ये मिति २०७८।८।२४ मा प्राप्त प्रतिक्रियाबाट रु.८९ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु.१९ लाख ४६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७७ लाख २६ हजार, नियमित गर्नुपर्ने रु.५२ लाख ९७ हजार र पेश्की रु.१३ लाख बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.६ करोड २१ लाख १ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.७ करोड ७५ लाख ३८ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको,असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# पूर्विचौकि गाउँपालिका, डोटी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६२ | ३३ | १६३५८ | ० | १ | ८९ | ६३ | ३२ | १६२६९ | १९४६ | ५२९७ | ७७२६ | ० | ० | १३०२३ | १३०० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्योंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ६२१०१ | 0 | ८३२ | ६१२६९ | 0 | १६२६९ | ७७५३८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पुर्विचौकी गाउँपालिका, डोटी , पुर्बीचौकी गाउँपालिका , डोटी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Tek Bahadur Khadka | २०७६-१-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Jeevan Raj Neupane | २०७६-९-१३ | |
| | | **बेरुजु रकम** | १६,२६९,११६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,४४,७४४.७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,६६,६५,८९० | **चालु खर्च** | २५,४५,१६,४०५.२८ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५४,७६,००० | **पूँजीगत खर्च** | ९,७९,३०,२५४.७५ |
| **राजश्व बाँडफाँट** | ६,६६,०१,८५७.६४ | **वित्तीय/अन्य व्यवस्था** | ६,२७,३८,२४६.२५ |
| **आन्तरिक आय** | ४३,५०,८९६.७५ | | |
| **अन्य आय** | ८२,७६,०६२.८ | | |
| **कुल आय** | ४३,१३,७०,७०७.१९ | **कुल खर्च** | ४१,५१,८४,९०६.२८ |
| **बाँकी मौज्दात** | | १,६७,३०,५४५.५४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, !!&=^^वर्ग किलोमिटर क्षेत्रफल तथा @@$*# जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७8।06।२२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्<br><br>**१ वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने र सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा लेखाङ्कन गरेको पाइएन । ऐनले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>· पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति बिवरण तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · कार्यालयको श्रेस्ता र वैक बीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैङ्क हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितणमुखी रहेको पाईयो।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>· वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार पालिकाले विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु गरेको पाईएन ।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी भुक्तानीकै समयमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दिइएको र आयकर ऐन, २०५८ अनुसार इ टीडिएस गरेको देखिएन ।<br>· कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको र सोको अभिलेख राखेको देखिएन ।<br>· कुनै रकमको भुक्तानी दिँदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको पाईएन ।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74<br>(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा पालिकाले बनाएको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा पालिकाले हस्तान्तरण गरेको पाईएन ।<br>· पालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समितिहरु संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार दर्ता गरेको पाइएन<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पालिकाले अधिकांश योजनामा पालना भएको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।<br>· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन, 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>तसर्थ आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ<br><br>। | |
| ३ | | | **बरबुझारथ**<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेखपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ५ | | | **बजेट अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा उपाध्यक्ष श्री निर्मला देवी साउँदले मिति २०७7।०३। १० गते रू.43,75,44,610 को बजेट सभामा पेश गरेकोमा मिति २०७8।04।24मा पारित भएको छ । यसैगरी पालिकाको अध्यक्षले २०७६।०४।31 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६ | | | **बजेट सिमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ८ | | | **चौमासिक खर्च**<br>पालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिकलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः | |

| क्र.सं. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | अषाढ |
| १ | चालु खर्चतर्फ | 254518536 | 6026319३ | 56991501 | 13726384२ | 91459193 |
| २ | पूँजिगत खर्चतर्फ | 97930025५ | 2127466 | 5690271 | 90112517 | 50679375 |
| | **जम्मा** | **352448791** | **62390659** | **62681772** | **227376359** | **142138568** |
| | **प्रतिशत** | | **14.25** | **14.75** | **51.53** | **32.48** |

गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रू.35,24,48,791.15 निकासा भएकोमा प्रथम चौमासिकमा रू.6,23,90,659.2० अर्थात 14.25 प्रतिशत, दोश्रो चौमासिकमा रू.62681772.4०अर्थात 14.75 प्रतिशत र तेश्रो चौमासिकमा रू.22,73,76,359.55, अर्थात 51.53 प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.14,21,38,568.5० अर्थात 32.48 प्रतिशत खर्च देखिनुले आषाढ महिनामा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक विभाजन गरी सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br>मिति २०७8।०4।24 मा सभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 63809000 | 4324500 | 67.77 |
| २ | पूर्वाधार विकास | 61531000 | 42494000 | 69.06 |
| ३ | सामाजिक विकास | 206664000 | 177068000 | 85.67 |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 6894000 | 6749000 | 97.9 |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 98645000 | 82843000 | 83.98 |
| **जम्मा** | | **230879000** | **313478500** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा 97.9 प्रतिशत र सबै भन्दा कम पूर्वाधार बिकासमा ६९.०६ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी बजेटलाई आवधिक योजना र दिगो विकास लक्ष्य अन्तर्गतको सूचकहरुमा आधारित बनाउनु पर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>लक्ष्य प्रगति<br>कार्यालयको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा गाउँपालिकाले सञ्चालन गरेका १02 योजनाको तोकिएको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।<br>
<table>
<tr><th>कार्यक्रम/योजनासंख्या</th><th>यो वर्ष खर्च</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th></th><th></th><th>शून्य प्रगति</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>348</td><td>9,79,30,255</td><td>5</td><td>2</td><td>5</td><td>336</td></tr>
</table>
पालिकाले कम प्रगति हुनुमा उपभोक्ता समिति समयमा गठन नहुनु, स्थानीय बिवाद, दक्ष जनशक्ति र प्राविधिको अभाव आदि कारण उल्लेख गरेको छ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकिय अधिकृत र इन्जिनियर सहित विभिन्न पदमा १० दरबन्दी रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कर्मचारी करार<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ४7 जना कर्मचारीहरु करारमा राखी रू.1,23,58,320 खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको स्वास्थ्य सेवा ईन्जिनियरीङ सेवा तथा कृषि सेवाका विभिन्न पदहरुमा करार नियुक्ति गरेको देखियो । कानून अनुरुप जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **कर्मचारी कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा<br>कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोषको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकालेकर्मचारी कल्याण कोषमा चालु वर्ष रकम विनियोजन गरेको छैन भने उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै नीतिगत व्यवस्था गरेको देखिएन । आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोषको प्रभावकारी सञ्चालन हुनुपर्दछ । | |
| १४ | | | **वडा सचिव पदपूर्ति**<br>पालिका अन्तर्गतका ७ वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी ७ रहेकोमा ६ पदपूर्ति भई १ रिक्त रहेको छ । रिक्त दरबन्दीको पदपुर्ति गरी वडाको सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । | |
| १५ | | | **सेवा प्रवाह स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार 14 वटा ऐन, 5 वटा नियमावली र 16 बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घर नक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | 984 |
| मृत्युदर्ता | 100 |
| बसाईसराई दर्ता | 63 |
| | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | विवाह दर्ता | 81 | | |
| | | | | सम्बन्धविच्छेद दर्ता | ० | | |
| | | | | **पूर्वाधार विकास सडक निर्माण** | | | |
| | | | | कालोपत्रे सडक निर्माण | 3 कि.मी. | | |
| | | | | कालोपत्रे सडक मर्मत | | | |
| | | | | ग्राभेल सडक निर्माण | 10 कि.मी. | | |
| | | | | ग्राभेल सडक मर्मत | १५ कि.मी. | | |
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । पालिकाले यो बर्ष घरको नक्सा पास सम्बन्धी सेवा प्रवाह गरेको छैन । पालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **योजना छनौट र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजनामा न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजनाहरु देहाय अनुसार छन् ।<br><br>**रु १ लाख सम्म**: 110; **रु १ लाखदेखि २ लाखसम्म**: 145; **रु २ लाखदेखि ५ लाखसम्मका**: 82; **रु ५ लाखदेखि १० लाखसम्मका**: 8; **रु १० लाखभन्दा बढीको**: 3; **जम्मा**: 348<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू.१० लाख भन्दा बढीका जम्मा 3 वटा योजना संचालन गरेको छ भने रू.१ लाख भन्दा मुनिका मात्र 110 वटा,रु.१ देखि २ लाखसम्म १४५ योजना रु.२ देखि ५ लाखसम्मका ८२ योजनाहरु सञ्चालन गरेको देखिन्छ । कुल योजनामध्ये रु.५ लाखभन्दा मुनीको योजना ९७ प्रतिशत रहेका छन् । पालिकाले माग र आवश्यकताको पहिचान नगरी, वातावरणीय र दिगो बिकासलाई ध्यान नदिई हरेक वडामा समानुपातिक रुपमा बजेट व्यवस्था गरी बितरणमुखी बजेट तथा कार्यक्रम तर्जुमा गरी साना साना योजना सञ्चालन गरेको देखियो । यसरी साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ती योजना व्यवस्थापनमा बढी खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रवृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावकारी नहुने, बिकास निर्माण कार्य दिगो नहुने एबं प्रतिफल प्राप्त नहुने, खरिद व्यवस्थापन प्रतिस्पर्धी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने हुँदा दिगो बिकास र प्रतिफल प्राप्त नहुने हुँदा पालिकाले यस्ता योजना सञ्चालनमा नियन्त्रण गरी दिगो बिकासलाई मध्यनजर गरी योजना छनौट गर्नुपर्दछ । | |
| १७ | | | **लेखापरिक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन, २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लिखित व्यहोराहरुमा दफावार छलफल गर्नुपर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेशसम्म गरेको देखियो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल गरी आवश्यक निर्णय गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म 14 वटा ऐन, ५वटा नियमावली, १3कार्यविधि, 3 वटा निर्देशिका गरी ३5 वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । | |
| १९ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष १ विवाद वाँकि रहि यो बर्ष 3 विवाद दर्ता भएकोमा 2 विवाद फछ्र्यौट भई 2 फछ्र्यौट हुन बाकी विवाद रहेको देखियो । | |
| २० | | | **पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रू.68,90,500सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 12000 | 12000 | 12000 | 12000 | 12000 | ६०००० |
| २ | यातायात खर्च | 0 | 108000 | 0 | 6000 | 6000 | १२०००० |
| ३ | टेलिफोन,मोबाइल | 72000 | 60000 | 42000 | 36000 | 24000 | २३४००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | 60000 | 54000 | 48000 | 36000 | 24000 | २२२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ५ | समन्वय तथा सहजीकरण | 108000 | 84000 | 72000 | 60000 | 36000 | ३६०००० | | |
| | | | | ६ | अतिथि सत्कार | 120000 | 108000 | 84000 | 0 | 0 | ३१२००० | | |
| | | | | ७ | खानेपानी/बिजुली/ सरसफाई | 42000 | 36000 | 24000 | 24000 | 12000 | १३८००० | | |
| | | | | ८ | चाडपर्व खर्च | 25000 | 22500 | 16000 | 9000 | 7000 | ७९५०० | | |
| | | | | | प्रति व्यक्ति जम्मा रु. | ४३९००० | ४८४५०० | २९८००० | १८३००० | १२१००० | | | |
| | | | | | संख्या | १ | १ | ७ | ६ | २३ | ३८ | | |
| | | | | | **कुल जम्मा रु.** | **439000** | **484500** | **2086000** | **1098000** | **2783000** | **6890500** | | |
| २१ | | | नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा कानुनी सल्लाहाकार राख्न पाउने व्यवस्था छैन तर पालिकाले एक जना कानुनी सल्लाहाकार राखी वर्षभरीमा रु.3,60,000 खर्च लेखेकोले ऐन विपरित खर्च लेखेको छ । कानुनमा व्यवस्था गरी त्यस्तो खर्च लेखिनुपर्दछ । | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २२ | | | **अतिथि सत्कार**<br>सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा अथिति सत्कार बापत गाउँपालिका अध्यक्षलाई वार्षिक रु.१ लाख २० हजार, उपाध्यक्षलाई रु.१ लाख ८ हजार र वडाअध्यक्षलाई रु.८४ हजार सुविधा दिने व्यवस्था गरेको र सोही अनुसार मासिक रुपमा सुविधा लिएको देखिन्छ । तर निम्न भौचरबाट पालिका पदाधिकारिको पाहुना स्वागत सत्कार बापत भनी रु.२८१९९९ को विल राखी खर्च लेखेको छ । पदाधिकारी सुविधा सम्बन्धी ऐनमा तोकिएको सीमाभन्दा बढी खर्च लेख्न मिल्ने आधार नदेखिएकोले पदाधिकारी सुविधा सम्बन्धि ऐन विपरितको खर्च अनियमित देखिएको रु. | २८१,९९९ |

| **भौ.न/मिति** | **होटलको नाम** | **खर्च विवरण** | **खर्च रकम** |
| --- | --- | --- | --- |
| 101/077/7/28 | होटल वर्षा | मासु खाना, मटन तास र एसि कोठा | 112378 |
| 259/077/12/1 | धनगढी/काठमाणडौंमा कार्यक्रममा सहभागी हुँदाको दैनिक भ्रमण भत्ताको अलवा होटल खर्च माग दावी भएको | होटल खर्च | 95 00 |
| 349/078/1/21 | विभिन्न समयमा विविध खर्च वापत होटल विल पेश भएको | होटल खर्च | 74621 |
| **जम्मा** | | | **281999** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २३ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रू.24,00,000 खर्च गरेको छ । उक्त खर्च लेख्दा होटल विल मात्र समावेश गरी, प्रयोजन र सहभागी नखुलाई टुक्रा-टुक्रा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बिल संलग्न गरी खर्च लेखेको छ । यस्तो बिलको केही उदाहरणहरु निम्न छन् । चालु खर्चलाई न्यूनिकरण गर्न आवश्यक ध्यान जानु पर्दछ । | |

| **भौ.न/मिति** | **होटलको नाम** | **विषय** | **खर्च रकम** |
|---|---|---|---|
| 7/077/6/30 | सेवक एण्ड सुभव होटल | मासु खाना | 142565 |
| 34/077/7/4 | किसान होटल | मासु खाना | 190780 |
| 35/077/7/4 | शाजेन्द्रेश्वर खुद्रा मदिरा पशल | चामल पिठो | 84495 |
| 42/07<br>/7/4 | कालिका मदिरा पशल | खाना,मासु,नास्ता | 3<br>770 |
| 121/077/8/1 | शाजेन्द्रेश्वर खुद्रा मदिरा पशल | खाना,मासु,नास्ता | 36900 |
| 1<br>5/077/9/21 | वोगटी होटल एण्ड लज | खाना,मासु,नास्ता | 78274 |
| 265/077/11/07 | वोगटी होटल एण्ड लज | खाना,मासु,नास्ता | 94000 |
| 387/078/1/30 | होटल रिभरसाइड | मटन<br>खाना, माछा खाना | 172890 |
| 390/078/1/2 | वोगी होटल | मासु खाना | 148298 |
| 392/078/1/20 | राजु क्याफे एण्ड रेष्टो | मासु खाना | 5130 |
| 432/078/2/18 | होटल वि एण्ड वि | खाजा खाना | 44215 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँ यस वर्ष 123 जना व्यक्तिलाई रू. 8,00,000 आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायतालाई मापदण्डमा आधारित बनाई खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| २५ | | | **अनुगमन प्रतिवेदन**<br>विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदनतथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट संघ तथा प्रदेश विशेष अनुदान अन्तर्गत संचालन भएकोमा कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन ।कार्यविधिको पालना गरी अनुगमनलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| २६ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **नाफा मुलक संस्थालाई अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । उक्त व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई प्रशासनिक खर्चको लागि अनुदान उपलब्ध गराउन मिल्दैन । तर पालिकाले यस वर्ष देहायअनुसारका ८ सहकारी संस्थाको कार्यालय व्यवस्थापनको लागिरू.१८ लाख अनुदान उपलब्ध गराएका छन् । | |

| **संस्थाको नाम** | **प्रयोजन/कार्यक्रम** | **रकम** |
|---|---|---|
| जनप्रिय सहकारी सस्था | प्रशासन तथा व्यवस्थापन खर्च | ४०००० |
| जनकल्याण सहकारी सस्था | प्रशासन तथा व्यवस्थापन खर्च | ७०००० |
| नयाँ विहानि बचत तथा ऋण सहकारी सस्था | प्रशासन तथा व्यवस्थापन खर्च | १००००० |
| पोखरी बहुउद्वेश्य सहकारी सस्था | प्रशासन तथा व्यवस्थापन खर्च | २००००० |
| हिमाल महिला सहक री सस्था | प्रशासन तथा व्यवस्थापन खर्च | १००००० |
| पुष्पमाला बचत तथा ऋण सहकारी सस्था | प्रशासन तथा व्यवस्थापन खर्च | १००००० |
| निल ण्ठ बहुउद्वेक्य सहकार ी सस्था | प्रशासन तथा व्यवस्थापन खर्च | १००००० |
| समाजसेवा बहुउद्वेक्य सहकार ी स ँस्था | प्रशासन तथा व्यवस्थापन खर्च | १ ०००० |

अनुदान मापदण्ड बिना नाफामूलक संस्थाहरुलाई अनुदान रकम उपलव्ध गराउने कार्यमा आवश्यक नियन्त्रण हुनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **बार्षिक खरिद योजना। गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. 9 करोड 79 लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २९ | | | **कर कट्टि**<br>आयकर ऐन, 2058 को दफा 90 मा अग्रिम कर कट्टी गर्ने प्रत्येक व्यक्तिले महिना समाप्त भएको पच्चीस दिन भित्र राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । सुत्र सफ्टवयर अनुसार पालिकाको प्रकोप व्यवस्थापन कोषतर्फ रु.13,311 कर दायित्व सिर्जना गरी राखेको पाइयो । उक्त कर बापतको रकम राजस्व खातामा दाखिला हुनुपर्ने रु. | १३,३११ |
| ३० | | | **मुल्य अभिवृद्धि कर दाखिला नगरेको**<br>आर्थिक ऐन, 2076 ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले 2077/2/16 देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मुल्यअभिवृद्धि कर रकमको ५० प्रतशत राजस्व शीर्षकमा र वाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले एक्सरे मेसिन र डिजिटल युएसजि मेसिन उग्रतारा ट्रेडर्स सप्लायर्स (608935614) संग खरिद गरी मूल्यअभिवृद्धि कर रु.1,82,225 समेत रु.15,83,955 भुक्तानी गरेकोमा 50 प्रतिशत मुल्यअभिवृद्धि कर रु.91,113 कट्टी गरेको नदेखिएकोले उक्त रकम सम्बन्धित राजश्व खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. | ९१,११३ |
| ३१ | | | **आयको अनुमान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. 50लाखआय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७8 मा रू. 43 लाख 5० हजार अर्थात अनुमान भन्दा 13 प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: 6,64,01,906 ; आन्तरिक आय: 43,50,896 ; आन्तरिक आय प्रतिशत: 6.5%<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३३ | | | **स्थानीय तहहरुको बिभाज्य कोष**<br>प्रदेशहरुको<br>आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड<br>गर्नुपर्दछ । | |
| ३४ | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **राजश्व दाखिला**<br>प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडा कार्यालय र गाउँपालिका तथा विभिन्न शाखाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३६ | | | **सवारी कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७7।78 मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३७ | | | **मनोरञ्जन कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७7।78 मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३८ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू. 2,25,000 कर संकलन गरेकोमा गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट गाउँपालिकाले कर प्रशासन व्यवस्थित गरेको देखिदैन । तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **प्राविधिक विल र कर्य समपन्न**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/ नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४० | | | **मन्दिर निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न 30 वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रु.42,74,000 खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनुपर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमापालिकाको पुँजिगत बजेटको 4.4 प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्बर्द्धन गर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरुलाई जिम्मेवार बनाउने तर्फ पालिकाले बढी ध्यान दिनुपर्दछ । | |
| ४१ | | | **हेभि इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । उपभोक्ता समितिबाट सम्पादन गरिने काममा हेभि ईक्वीपमेण्टको प्रयोगलाई नियन्त्रण गरी श्रममूलक काम मात्र उपभोक्ता समितिहरुबाट सम्पादन गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **जटिल संरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । | |
| ४३ | | | **बेर्ना खरिद**<br>फर्महरुलाई भुक्तानी दिँदा सम्वन्धित फर्मको बैक खातामा भुक्तानी गर्नुर्दछ । अमिला जातका फलफुल र टिमुरका वेर्ना खरिद गर्न ३ वटा कोटेशन लिई सवैभन्दा कम दररेट पेश गर्ने बाँकेको नेपाल कृषि विकास फार्म प्रा.लि. कोहलपुर छनौट गरेको देखियो । भौचर नं. 49-078/3/17 र भौचर न 53-78/3/28 बाट जम्मा रु. 5 लाख खर्च लेखेकोमा भुक्तानी दिँदा कृषि शाखाका कर्मचारी श्री उदयराम साँउदको नाममा चेक काटेको देखियो । सम्वन्धित फर्मको बैक खातामा जम्मा गर्नुपर्नेमा कर्मचारीलाई भुक्तानी दिएकोमा भुक्तानी दिनुको कारण उल्लेख गरेको छैन । यसबाट सम्वन्धित फर्मले कति रकम बुझेको सो एकिन गर्न सकिएन । फर्मले बुझेको प्रमाण राखि नियमित गर्नुपर्ने देखिएको रु. | ५००,००० |
| ४४ | | | **श्रेस्ता पेश नभएको**<br>स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ७७ को उपदफा (१) मा स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनुपर्ने व्यवस्था छ । पालिकाले भौचन नं ५९(२०७८।३।३१ को रु। ५०,०००। खर्च गरेकोमा उक्त खर्चको प्रमाण लेखापरीक्षणको समयमा पेश नगरेको रु<br>**कार्यालयको मिति २०७८।८।२४ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु.५००००। मिति २०७९।१।१२ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।** | |
| ४५ | | | **विउविजन खरिद**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम ८५ मा रु ५ लाखसम्मको सामान सूचिकृत फरमबाट कम्तिमा ३ वटा दरभारपत्र लिई खरिद गर्न सकिने व्यवस्था छ । पालकाले भौचर नं. 9-077/7/26 बाट विउविजन रु.283200। को खरिद गर्दा कोटेशन नलिइ खरिद गरेको देखियो । यसबाट प्रतिस्पर्धी खरिद विधि अवलम्वन गरेको छ भन्न सकिने आधार देखिएन । खरिद कानून विपरित खरिद गरेको देखिएकोले कारण पेश गरी नियमित गर्नुपर्ने देखिएको रु. | २५६,७५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **प्रमाण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 को दफा 28 मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको खरिद गर्दा ऐन बमोजिम दाखिला गरेको, वितरण गरेको र नापजाँच गरेको प्रमाण पेश भएको नदेखिएकोले तल उल्लेखित प्रमाण पेश गर्नुपर्ने रु. | ८४२,८१८ |

| **क्र.स.** | **भौ.नं./मिति** | **विवरण** | **रकम** | **प्रमाण पेश हुनुपर्ने** |
|---|---|---|---|---|
| १. | 13-077/8/6 | पशु औषधि खरिद | 320120.0 | खर्च विवरण पेश गर्नुपर्ने |
| २. | 15-077/9/20 | मेच घाँस र जै घाँस खरिद | 96800.0 | वितरण भरपाई पेश गर्नुपर्ने |
| ३. | 270-077/3/8 | पाइप खरिद | 100000.0 | प्राविधिक विल सहित वितरण भरपाई पेश गर्नुपर्ने |
| ४. | 295 | पाइप खरिद सगुन हार्डवेयर मेशिनरी सप्लार्यस | 325898.0 | प्राविधिक विल सहित वितरण भरपाई पेश गर्नुपर्ने |
| **जम्मा** | | | **842818.0** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **मूल्य अभिवृद्धि कर कट्टी**<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७७।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. २२१५४०। कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएको रु. | २२१,५४० |

| **भौचर नं./मिति** | **भुक्तानी पाउनेको नाम** | **भुक्तानी रकम** | **मुअकर कर रकम** | **३० प्रतिशत रकम** |
|---|---|---|---|---|
| 47-077/10/7 र<br>98-078/1/20 | थ्याङ्क्यु विजनेश (601490325) | 1793000.0 | 206388.0 | 61917.0 |
| 249-078/3/4 गापा पूँजिगत | त्रिनेत्र कन्स्ट्रक्सन एण्ड कन्सल्ट प्रा.लि. | 1941770.0 | 223393.0 | 67018 |
| 271-078/3/10 | आइइ रिपोर्ट | 700000.0 | 80530.0 | 24160.0 |
| ३।०७८।३।४ (एकिकृत स्वास्थ्य पू. बि.का.) | भागेश्वर बिल्डर्स एण्ड कन्सल्टेन्ट्स प्रा.लि. | १७५५००० | २२८१५० | ६८४४५ |
| | जम्मा | | | २२१५४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **अनुगमन प्रतिवेदन**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को सि.नं. ९ क्रियाकलाप नम्वर २.७.१३.१३ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र ICT Lab, पुस्तकालयका लागि अनुदान एवं दुई कोठे भवन निर्माण कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यप्रगति पेश गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले देहायका ३ विद्यालयलाई देहाय अनुसारको अनुदान दिएको छ ।<br><table><tr><th>सि.नं</th><th>विद्यालयको नाम</th><th>आईसिटि</th><th>विज्ञान प्रयोगशाला</th><th>पुस्तकालय</th><th>जम्मा</th></tr><tr><td>१</td><td>शिशु सुधार मावि वडा नं. 6</td><td></td><td>650000.0</td><td></td><td>650000.0</td></tr><tr><td>२</td><td>मष्टामाण्डौ मावि वडा नं. 7</td><td>650000.0</td><td></td><td></td><td>650000.0</td></tr><tr><td>३</td><td>भारोली मावि वडा नं. 2</td><td></td><td></td><td>650000.0</td><td>650000.0</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>1950000.0</td></tr></table><br>यस सम्वन्धी देखिएका व्यहोराहरु निम्नानुसार छनः | |
| ४८.१ | | | शिशु सुधार मावि वडा नं. 6 लाई विज्ञान प्रयोगशाला निर्माण गर्न रु. ६ लाख ५० हजार अनुदान दिएकोमा उक्त विद्यालयले पेश गरेको विवरण अनुसार रु. 5,80,496। रकमको मात्र सामान खरिद गरेको देखिन्छ । पालिकाबाट पठाएको रकम खर्च नगरी रु.69,504। बाँकी रहेको देखिएकोले उक्त रकम सम्वन्धमा पालिकाले एकिन गरी फिर्ता हुनुपर्ने देखिएको रु. | ६९,५०४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.२ | | | शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरिएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को सि.नं. ९ क्रियाकलाप नम्वर २.७.१३.१३ अनुसार माध्यमिक विद्यालयमा ICT Lab स्थापनाको लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट अनुदान दिने, विद्यालयले खरिद कानून बमोजिम उक्त ल्यावको सामानहरुको खरिद गर्नेपर्ने र कामको प्रगति अनुगमन गरी शिक्षा तथा मानव स्रोत केन्द्रमा प्रतिवेदन गर्ने व्यवस्था भएकोमा पालिकाले मष्टामाण्डौ मावि वडा नं. 7 लाई अनुदान दिएको रु. 6,50,000। को सम्वन्धमा खरिद कानून बमोजिम खरिद भए नभएको तथा खर्च रकम उपयोग भए नभएको समेबन्धमा अनुगमन गरी प्रतिवेदन पेश गरेको देखिएन । कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिवेदन गर्नुपर्ने देखिएको रु. | ६५०,००० |
| ४८.३ | | | शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को सि.नं. ९ क्रियाकलाप नम्वर २.७.१३.१३ अनुसार माध्यमिक विद्यालयमा पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट अनुदान दिने र विद्यालयले प्राप्त अनुदान विद्यार्थीको दैनिक पाठ्यसामग्री सँग मेल खाने खालका पुस्तकहरु सार्वजनिक खरिद ऐन अनुसार खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले भारतोली मावि वडा नं. 2 लाई पुस्तकालय व्यवस्थापन कार्यको लागि रु. 6,50,000। अनुदान दिएकोमा पालिकालाई प्राप्त खर्च विवरण परीक्षण गर्दा केहि पुस्तकहरु कोरियन भाषा तयारी, इन्स्पेक्टर क्यापसुल, शाखा अधिकृत तयारी जस्ता कक्षा १० सम्म दैनिक पठनपाठन हुने पाठ्यक्रमसँग मेल नखाने खालका पुस्तक खरिद गरेको, रु.5 लाख भन्दा माथीको खरिद गर्दा खरिद कानून बमोजिम कोटेशन लिई खरिद गर्नुपर्नेमा सो नगरेको देखियो । साथै खरिद भएका पुस्तकहरुको जोडजम्मा गर्दा 4,95,013। मात्र रहेको देखियो । अनुदान प्राप्त भएको रकम अन्य शिर्षकमा खरिद गर्न कार्यक्रम कार्यान्वयन निर्देशिकामा व्यवस्था नभएकोले बाँकी रकम रु.1,54,987। पालिकाले एकिन गरी असुल गर्नुपर्दछ । साथै कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था अनुसार अनुगमन गरी पालिकाले खर्च भएको रकम सदुपयोग भएको हो भन्नेमा आश्वस्त हुनुपर्ने रु. | १५४,९८७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **बढि ग्रेड भुक्तानि**<br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । पालिकाले देहायका शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवदेनका आधारमा तलब भत्ता भुक्तानी गर्नुपर्नेमा आ.व.२०७7।७8 मा तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गरेकोले आ.व. २०७७।७८ को परित तलबी प्रतिवेदन अनुसार देहायबमोजिम ग्रेड बापतको रकम रू.2,12,784 । बढि भुक्तानी भएको देखिएकोले असुल गरी दाखिला गर्नुपर्ने रू. | २१२,७८४ |

| विद्यालय | शिक्षकको नाम | हुनुपर्ने ग्रेड | भएको ग्रेड | बढी भुक्तानी ग्रेड वार्षिक | दर | वार्षिक जम्मा | १०% सञय कोष सहित जम्मा |
|---|---|---|---|---|---|---|---|
| शाजेन्द्रेश्वर मा.वि. | खड्क ब. खड्का | 3 | 4 | १3 | १२०० | 15600 | 17160 |
| नृभुश्वरी आ.वि. | पुरन बहादुर खड्का | 1 | 6 | 65 | ९४० | 61100 | 67210 |
| नेत्रेश्वरी मा.वि. | रामदेव शाह | 1 | 8 | 91 | ९४० | 85540 | 94094 |
| मष्टामाण्डौ मा.वि. | कर्ण बहादुर भण्डारी | 5 | 7 | २6 | 1200 | 31200. | 34320 |
| | जम्मा | | | | | | 212784 |

परीक्षण गरेका 4 वटा विद्यालयमा बढी ग्रेड भुक्तानी भएको देखिएकोले पालिकाले तलवी प्रतिवेदन पास गरी सोही बमोजिम यस आर्थिक वर्षको भूक्तानी तुलना गरी वढी भएमा असुल गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले विभिन्न समयमा कोटेशन माग गरी रु.35,05,682 को खरीद गरेको छ ।<br><br>औषधि खरिद सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको औषधि खरीद कार्य नगरेको, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाटSpecification अनुसार परीक्षण गरेर जिन्सी दाखीला गर्ने नगरेको निःशुल्क विक्रिको लेवलमा खुलाएको प्रमाण समावेश नभएको देखियो । तसर्थ तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजागरी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्धेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा25 वटा योजना सञ्चालन गरी 14914 जनालाई न्यूनतम100 दिनरोजगारी दिई श्रमिक ज्यालामा रु.77,10,538 र कर्मचारी पारिश्रमिक खर्चमा रु.8,69,143 गरी कुल जम्मा रु.85,79,681खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा सो वेगर वजेट खर्च भएको छ । यस सम्बन्धि उदाहरण निम्न छन् । | |

| वडा नं. | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम | तलबमा खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | छेपलाडी सडक मर्मत, आलीगडा भण्डाँरगाउ सडक मर्मत, साँझघाट शान्तिनगर सम्म घो.बा मर्मत, कालाआम वडा कार्यालय सम्म घो.बा. मर्मत । | २१०० | १०८५७००।- | ८६९१४३।- |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २ | रिखाडा वडा कार्यालय घो.बा. मर्मत, कुडासैन भारोतोली वडा कार्यालय घो.वा. मर्मत, आसिकार्ने भारोतोली टेउटे सडक मर्मत | १८३६ | ९४९२१२।- | | |
| | | | ३ | साँझघाट वडा कार्यालय सडक मर्मत, नाहागडा ढल निकास मर्मत, वडा कार्यालय धामीठाँटा सडक मर्मत, चिण्डीगाड धाणो हाल्ने सम्म घो.वा मर्मत । | २४१२ | १२४७००४।- | | |
| | | | ४ | रिनकोट सडक मर्मत, टोट्केआप, कोटभैरव सम्म घो.वा. मर्मत, छोलेगाड विसडाँडा पानीटंकी घो.बा. मर्मत | १६८० | ८६८५६०।- | | |
| | | | ५ | किमु गडेन उपरकाँडा सडक मर्मत, काडामाण्डौ माविको माटो सरसफाई, काडामाण्डौ सिचाई नहर मर्मत, शितलभिड देखि चौखुट्टे सडक मर्मत, सिमपाटा सडक मर्मत, छोलेगाड चौखुट्टे सम्म घो.वा. मर्मत | ३३३२ | १७२२६४४।- | | |
| | | | ६ | गाँजरी स्वास्थ्य चौकीको पर्खाल मर्मत, घडौनेखोला देखि वडा कार्यालय सम्म घो.वा. मर्मत, सिमलडाँडा थापागाउ शान्तोला सडक मर्मत | १४७४ | ७६२०५८।- | | |
| | | | ७ | जौमाला पोखरी सडक मर्मत, गाँजरी पोखरी सडक मर्मत, पोखरी बयालीसाल सडक मर्मत | २०८० | १०७५३६०।- | | |
| | | | **जम्मा** | | **१४९१४** | **७७१०५३८।-** | **८६९१४३।-** | |
| | | | कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद ५ बुँदा २१ (१) अनुसार स्थानीय तहले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजम श्रमिकको बैँक खातामा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएका सबै योजनाको ज्याला वापतको रकम रू. 77,10,538सम्बन्धित श्रमिकको वैँक खातामा भुक्तानी नगरी रोजगार समितिको नाममा भुक्तानी गरेको छ । कार्यविधिले तोकेको प्रक्रिया अवलम्बन गरी सम्बन्धित श्रमिकको बैँक खातामा सोझै तलब भुक्तानी गर्नुपर्दछ । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **अनुगमन प्रतिवेदन**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को सि.नं. ९ क्रियाकलाप नम्वर २.७.१३.१३ अनुसार माध्यमिक ICT Labनिर्माण कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट अनुदान दिने र सम्झौता अनुरुप सार्वजनिक खरिद कानून बमोजिम काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति शिक्षा तथा मानव स्रोत व्यवस्थापन केन्द्रमा पेश गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले देहाय बमोजिमका विद्यालयलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत अनुदान दिएकोमा हालसम्म अनुगमन गरी शिक्षा तथा मानव स्रोत केन्द्रमा प्रतिवेदन नगरेको देखिएकोले अनुगमन प्रतिवेदन पेश हुनुपर्ने | |

| विद्यालयको नाम | आइसिटि व्यवस्थापन अनुदान |
|---|---|
| वराही वोरा आधारभुत विद्यालय वडा नं. 4 | 650000.0 |
| भैरव अधारभुत विद्यालय वडा नं. 2 | 650000.0 |
| **जम्मा** | **1300000** |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>
अधुरा आयोजना<br>
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहायअनुसार रू.23,17,000 योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । योजना अधुरो रहदा लागत बढ्नुका साथै समयमा प्रतिफल समेत प्राप्त हुन नसकिने देखिएकोले निर्माण व्यवसायीलाई कार्यतालिका पेश गर्न नलगाई सोको नियमित अनुगमन गर्नु पर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>निर्माण कार्य</th><th>निर्माण व्यवसायी</th><th>सम्पन्न गर्नुपर्ने मिति</th><th>यो वर्ष सम्मको खर्च रु. हजार</th><th>भौतिक प्रगति</th></tr>
<tr><td>१</td><td>सडक</td><td>विएस कन्स्ट्रक्शन</td><td>२०७८।०३।२५</td><td>२४००००</td><td>२० प्रतिशत</td></tr>
<tr><td>२</td><td>छात्राबास निर्माण</td><td>न्यु कालिका निर्माण सेवा</td><td>२०७८।०३।२५</td><td>९४२०००</td><td>३० प्रतिशत</td></tr>
<tr><td>३</td><td>सडक</td><td>आइ एस कन्स्ट्रक्शन प्रालि</td><td>२०७८।०३।२५</td><td>२३५०००</td><td>१० प्रतिशत</td></tr>
<tr><td>४</td><td>खेलकुद ग्राम</td><td>खेलकुद ग्राम उस</td><td>२०७८।०३।२५</td><td>९०००००</td><td>२० प्रतिशत</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>2317000</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>
बास्मति पकेट क्षेत्र<br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख)मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । भौचर नं. 259-078/3/31 बाट वास्मती पकेट क्षेत्र स्थापनाको लागि रु. 40000। भूक्तानी दिएको छ । संलग्न विजकमा रसायनिक मल डीएपी 40 क्वीन्टल र यूरिया 30 क्वीन्टलको जम्मा रु. 3,65,000। को मात्र रहेको छ । वितरण गरेको प्रमाणमा कोदाली 40 वटा, हसिया 60 वटा, परुवा 40, जिङ्क मल 1500 केजी, यूरिया 6000 केजी र डिएपी 4000 केजी देखियो । खरिद विजक बमोजिम डिएपी रसायिनक मलको वितरण मात्र मेला खाएको देखिन्छ । साथै खरिद नगरेको सामान वितरण भरपाईमा राखि भूक्तानी दिनु उपर्यूक्त देखिदैन । यस सम्वन्धमा पालिकाले अनुगमन गरी काम भए नभएको सम्वन्धमा एकिन गरी आश्वस्त हुनुपर्दछ । पेश गरेको विजक भन्दा बढी भूक्तानी भएको रु.35,000। असुल हुनुपर्ने रु.
</td><td>३५,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **बहुक्षेत्रीय पोषण**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम ८५ मा रु ५ लाखसम्मको सामान सूचिकृत फरमबाट कम्तिमा ३ वटा दरभारपत्र लिई खरिद गर्न सकिने नियम ८४ मा रु २० लाखसम्मको सामान सिलबन्दी दरभाउपत्र लिई र सोभन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं. 6-077/7/26 बाट रु.9 लाख र भौचर नं. 7 वाट रु.1 लाख गरी जम्मा रु.10 लाख एक हजार दिनका आमाहरुलाई दिइने सामानहरु खरिद गर्दा सिलबन्दी दरभाउपत्रबाट गर्नुपर्नेमा सो नगरी पटक पटक खरिद गरेको देखिएकोले प्रतिस्पर्धी खरिद विधि अवलम्वन गरेको छ भन्न सकिएन । खरिद कानून विपरित खरिद गरेको देखिएकोले कारण पेश गरी नियमित गर्नुपर्ने देखिएको रु | १,०००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **बढि परिमाणको भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख)मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारकोकार्यको नापजाँच गर्दा वास्तविक परिमाण भन्दा बढी परिमाणको कार्य उल्लेख हुन गई भुक्तानी भएको देखिएकोले बढी भएको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु. | १०३,००७ |

| भौचर नं./ मिति | योजना तथा उपभोक्ता समितिको नाम | विवरण | परिमाण | दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| 68-077/12/2 | खेरा खेत तटवन्धन उ.स | 2*1*1 गयाविन नापी किताव बमोजिम 17 वटा रहेकोमा पेश भएको विजकमा 12 वटा मात्र रहेको। | 5 | 4343 | 21715.0 |
| 70-077/12/2 | सल्लेगडा वासेखोला मो.वा. निर्माण उस | नापी किताव बमोजिम पिसीसी 1:3:6 को लागि 62 बोरा सिमेन्ट दिएकोमा 38 वोरा सिमेन्टको मात्र विजक रहेको । | 24 | 1100 | 26400.0 |
| 71-077/12/2 | कालेखेत तटबन्ध निर्माण उस | नापी किताव बमोजिम 1.5*1*1 को 24 वटा ग्याविन दिएकोमा 17 वटाको मात्र विजक पेश भएको | 7 | 5809 | 40663.0 |
| 225-078/2/26 | रुनखेत तटवन्ध निर्माण | नापी किताव बमोजिम 3*1*1 को ग्याविन 20 वटाको लागि 60 घनमिटर ढुङ्गा दिनुपर्नेमा ढुङ्गा भर्ने काम 69 घनमिटर दिएको । | 9 | 1581 | 14229.0 |
| **जम्मा** | | | | | **103007** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **उपभोक्ता समितिको काम निर्माण व्यवसायिले गरेको** | २,४८९,४५१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ ।निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले नियमित गर्नु पर्ने रू. | |

| क्र स | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम |
|---|---|---|---|---|
| 1. | झीङ्ग्राना पुडासैन सडक निर्माण | 616169 | भवानी निर्माण सेवा 300389382 | 457443.0 |
| 2. | पोखरी घोडीलास भण्डारा सडक निर्माण | 202169 | आईएस कम्पनि प्रालि 301441951 | 132888.0 |
| 3. | महलाइन सिम्पाटा सडक निर्माण उस | 554883 | कुनाल एल के निर्माण सेवा 606816403 | 357307.0 |
| 4. | नागडा सडक गैरीगाउँ उस | 458832 | कुनाल एल के निर्माण सेवा 606816403 | 458832.0 |
| 5. | छोरदहलेखि काडागाउ सडक निर्माण उस | 489641 | मुस्कान निर्माण सेवा एण्ड सप्लायर्स | 466690.0 |
| 6. | चिलखर्क वि. गाजरी सडक निर्माण उस | 506760 | कुनाल एल के निर्माण सेवा 606816403 | 324412.0 |
| 7. | विष्टगाउँ सडक निर्माण उस | 378831 | कुनाल एल के निर्माण सेवा 606816403 | 291879.0 |
| **जम्मा** | | **3207285** | | **2489451** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>रिटेन्सन मनी<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 123 (4) मा भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ विल वा अन्य विल वा वीजकमा उल्लिखित रकमको 5 प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ । पालकाले देहाय बमोजिमको भुक्तानीमा रिटेन्सन मनी कट्टा गरेको देखिएन । कानून बमोजिम रिटेन्सन मनी कट्टा गर्नुपर्ने देखिएको रु.<br>
<table>
<tr><th>क्रस</th><th>भौचर नं.</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम</th><th>रिटेन्सन मनी</th></tr>
<tr><td>1.</td><td>249-078/3/4</td><td>त्रिनेत्र कन्ष्ट्रक्सन एण्ड कन्सल्ट प्रा.लि</td><td>1941770.0</td><td>85920.0</td></tr>
<tr><td>2.</td><td>271-078/3/10</td><td>आइइ रिपोर्ट वापत</td><td>700000.0</td><td>30974.0</td></tr>
<tr><td>3.</td><td>342-078/3/30</td><td>जे.एस. कन्ष्ट्रक्सन 302106424</td><td>606990.0</td><td>26858.0</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>3248760</td><td>143752.0</td></tr>
</table></td><td>१४३,७५२</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको 4 प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च 2 प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट 4 प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७7/७8 मा कन्टीन्जेन्सी बापत रु.23,30,000 कट्टी गरि ज्याला, दैनिक भ्रमण भत्ता, मसलन्द, निर्माण र अन्य खर्चमा खर्च गरेको छ । कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेमा अन्तिम विल भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिवेदन बनाई निर्माण व्यवसायीलाई दायित्वबाट उनुमुक्ति दिने गरेको देखिन्छ । कानूनी व्यवस्थाको पालना हुनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **सार्वजनिक परिक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवर्द्धन हुने गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६२ | | | **डीपीआर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना, सर्भे लगायतको अध्ययन गरी बिस्तृत परियोजना प्रतिबेदन (डीपीआर) तयार गर्नुपर्दछ । सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार कार्यालयमा उपलब्ध प्राविधिक जनशक्तिबाट काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने र यसरी परामर्श सेवा लिँदा रु.२० लाखसम्मको सेवा मौजूदा सूचीमा रहेका सम्भव भएसम्म ६ वटा परामर्शदातालाई १५ दिनको समय दिई प्रस्ताव माग गर्नुपर्ने र रु.२० लाख भन्दा बढिको सेवा कम्तिमा ३० दिनको सूचना माग गरी प्रतिस्पर्धाबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष रु.७७ लाख ५० हजारको ७ वटा सेवा लिन बजेट स्वीकृत गरेको र ३ वटा परामर्शदाताबाट प्रस्ताव लिई ७ वटा सेवा खरिद गरेको छ । ती परामर्शदाताहरुलाई देहायबमोजिम रु.५८ लाख ९९ हजार ८७४ भुक्तानी गरेको छ ।<br><br>(तालिका तल)<br><br>परामर्श सेवा खरिद सम्बन्धी देखिएका व्यहोराहरु देहाय अनुसार छन् । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
| --- | --- | --- | --- |
| गाउपालिका भवन सम्बन्धि DPR | त्रिनेत्र कन्सट्रक्सन एंड कन्सल्ट प्रा ली | २०००००० | १९६७८९५ |
| 10शैया अस्पताल सम्बन्धि DPR | भागेश्वर बिल्डर्स एण्ड कन्सल्ट प्रा ली | २०००००० | ४४७७८५ |
| खिरसैन खानेपानी आयोजनाको DPR | सिभिलटेक कन्सल्ट एण्ड बिल्डर्स प्रा लि | २५०००० | २१०७४५ |
| चौखुट्टे खानेपानी आयोजनाको DPR(संघीय सरकार) | एरिना ईन्जिनियरिङ्ग सर्भिसेज प्रा लि | १०००००० | ९९८९२० |
| सरस्वती मा वि छात्राबास भवन निर्माणको DPR(संघीय सरकार) | ड्रिम प्लानर ईन्जिनियरिङ्ग सर्भिसेज प्रा लि | १०००००० | ८३००८४ |
| कुनिगडा गाजरी सडकको DPR | मस्क डियर ईन्जिनियरिङ् कन्सल्टेन्ट प्रा लि | ५००००० | ४४७७८५ |
| ओद्योगिक ग्राम परियोजनाको DPR | घोडाघोडी ईन्जिनियरीङ कन्सल्टेन्सी | १०००००० | ९९६६६० |
| **जम्मा** | | **७७५००००** | **५८९९८७४** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२.१ | | | परामर्श सेवा खरिद गर्दा गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्तिको उपयोग नगरेको, परामर्शदाताको मौजूदा सूची तयार नगरेको, कुन कामको लागि कति जनशक्ति लाग्ने हो सोको आवश्यकता पहिचान नगरेको, एकभन्दा बढी कार्यको लागि एउटै परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाबाट खरिद गर्न सकिनेमा कामलाई टुक्रा गरी प्रतिस्पर्धालाई सीमित गरेको आदि कारण परामर्श सेवा खरिद सम्बन्धी कार्य कानूनसम्मत भएको देखिदैन । | |
| ६२.२ | | | परामर्शदातासंग भएको सम्झौतामा इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट र फाइनल रिपोर्ट पेश गरेपछि ३ किस्तामा भुक्तानी गर्ने व्यवस्था भएपनि ड्राफ्ट र फाइनल रिपोर्ट लिई एकैपटक भुक्तानी गरेको देखियो । | |
| ६२.३ | | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पूँजिगत)तर्फ सरस्वती मा.वि. सानागाउँको छात्राबास भवन निर्माण माटो परीक्षण, डिजाइन, नक्सा तथा ल.ई. तयार गर्नको लागि मु.अ.कर समेत रु.८९५८६९ को लागत अनुमान तयार गरी ३ वटा परामर्शदातासंग प्रस्ताव माग गरेको र घटीवाला ड्रिम प्लानर ईन्जिनियरिङ्ग सर्भिसेज प्रा लि संग २ महिनाभित्र कार्य सम्पन्न गर्नेगरी २०७७।९।१६ मा सम्झौता भएकोमा रु.८९३३३०। भुक्तानी भएको छ । परामर्शदाताले छात्राबास भवन निर्माणको लागि रु.१६९९७०१२ को लागत अनुमान तयार गरेकोमा निर्माण व्यवसायीसंग रु.११११०६०६४ मा ठेक्का सम्झौता भएको देखिन्छ । उक्त भवनको कुल लागतमध्ये भवनको डिपिआर तयारीमा परामर्श सेवाको खर्च ७.५ प्रतिशत रहेको छ । उक्त रकम निकै बढी रहेको देखियो । सम्झौता अनुसार परामर्शदाताले जनशक्ति परिचालन गरे नगरेको सम्बन्धमा पालिकासंग कुनै अभिलेख रहेको छैन । | |
| ६२.४ | | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पूँजिगत)तर्फ वडा नं. ५ मा चौखुट्टे खानेपानी योजना निर्माणको लागि परामर्श सेवामा रु. १० लाख र निर्माणमा रु.५० लाख गरी रु.६० लाख बजेट बिनियोजन भएकोमा पालिकाले डीप बोरिङ्ग कार्यको डिपिआर तयारीमा रु.९९८९२०। खर्च गरेको र बाँकी रकम फ्रिज भएको छ । डीप बोरिङ्गको ल.ई. लगायत डीपिआर ३ वटा परामर्शदाताबाट प्रस्ताव माग गरी घटीवाला एरिना ईन्जिनियरिङ्ग सर्भिसेज प्रा. लि.संग सम्झौता भएकोमा रु.९९८९२०। भुक्तानी भएको छ । परामर्शदाताले उक्त कार्यको लागि रु.४९६४८०६ को लागत अनुमान तयार गरेको छ । उक्त स्थानमा जग्गा बिबाद भएको कारण ठेक्का सम्झौताको कुनै काम हुन नसकेको कारण बाँकी रकम फिर्ता गरेको छ । उक्त कार्यको कुल लागतमध्ये डिपिआर तयारीमा परामर्श सेवाको खर्च २० प्रतिशत रहेको छ । उक्त परामर्श सेवामा भएको खर्च रकम निर्माण कार्यमा हुने खर्चको तुलनामा निकै बढी रहेको देखियो भने सम्झौता अनुसार परामर्शदाताले तोकिएको जनशक्ति तोकिएको अवधिसम्म परिचालन गरे नगरेको सम्बन्धमा पालिकासंग कुनै अभिलेख रहेको छैन । सार्वजनिक कानून अनुसार निर्माणस्थलको व्यवस्था नभई खरिद सम्बन्धी कार्य गर्न नहुनेमा पालिकाले जग्गाको व्यवस्था नै नगरी खानेपानी सम्बन्धी डिपिआरमा खर्च गरेकोले उक्त खर्च मितव्ययी, पारदर्शी रनियमसम्मत नदेखिएको रु. | ९९८,९२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२.५</td><td></td><td></td><td>आर्थिक ऐन २०७७ अनुसार मु.अ.कर भुक्तानी गर्दा ३० प्रतिशत कर कट्टा गरी दाखिला गर्नुपर्नेमा पालिकाले देहायका परामर्शदातालाई बिल भुक्तानी गर्दा मु.अ.कर नकटाई भुक्तानी गरेको देखिएकोले सम्बन्धित परामर्शदाताले मु.अ.कर दाखिला गरेको प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु.
<table>
<tr><th>भै.नं. र मिति</th><th>परामर्शदाता</th><th>बिल रकम</th><th>मु.अ. कर</th><th>कट्टा हुनुपर्ने मु.अ.कर</th></tr>
<tr><td>१७।०७८।२।३०</td><td>सिभिलटेक कन्सल्ट एण्ड विल्डर्स प्रा लि</td><td>१८६५००</td><td>२४२४५</td><td>७२७४</td></tr>
<tr><td>२९।०७८।३।२१</td><td>एरिना ईन्जिनियरिङ्ग सर्भिसेज प्रा लि</td><td>८८४०००</td><td>११४९२०</td><td>३४४७६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४१७५०</td></tr>
</table>
</td><td>४१,७५०</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>खेल ग्राम निर्माण<br>पालिकालेवडा नं. 5स्थित चौखुट्टेमा खेलग्राम निर्माणको लागि रु.३२०९४३५।०६ (जनश्रमदान रु.३५९४३५।०६ र पालिकाको रु.२८५००००।) को लागत अनुमान स्वीकृत गरी २०७८।२।२७ मा २०७८।३।१५ भित्र सम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरेको र भौ.नं. १८ मिति २०७८।३।३ मा रु.९०००००।०० पेश्की दिएको देखियो । उक्त स्थान बन क्षेत्रमा परेकोले बन कार्यालयबाट निर्माण कार्य नगर्न परिपत्र गरेको भनी खेलग्राम निर्माण कार्य रोकिएको जानकारी प्राप्त भएको छ । निर्माणस्थलको यकिन नभई खरिद सम्झौता गर्न नमिल्नेमा पालिकाले सम्झौता गरी पेश्की दिएकोले सम्बन्धितलाई जिम्मेवार बनाई बाँकी पेश्की सूद समेत असुल गर्नु पर्ने रु.</td><td>९००,०००</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>विज्ञापन खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४.१</td><td></td><td></td><td>राष्ट्रिय दैनिक पत्रिकाहरुमा बिज्ञापन गर्दा अन्य सरकारी निकायहरुले कर्पोरेट छुट २५ देखि ४० प्रतिशतसम्म लिएको पाइन्छ । यस पालिकाले देहाय अनुसार बिज्ञापन गर्दा १० प्रतिशत मात्र छुट लिएको देखिएकोले पालिकाले देहायका भौचरबाट न्यून प्रतिशत छुट गरी भुक्तानी दिएको देखियो। पालिकाले विज्ञापन छुट लिदा न्यूनतम 25 प्रतिशत लिनु पर्नेमा सो नगरी बढी व्ययभार परेको देखिएको रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>बिज्ञापनदाता</th><th>बिल रकम</th><th>छुट रकम</th><th>भ्याट समेत जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>३।०७७।८।१६</td><td>लता बिज्ञापन सेवा</td><td>१२३२००</td><td>१२३२०</td><td>१२५२९५</td><td></td></tr>
<tr><td>२२।०७८।३।१३</td><td>लता बिज्ञापन सेवा</td><td>१४००००</td><td>१४०००</td><td>१४२३८०</td><td></td></tr>
<tr><td>२३।०७८।३।१३</td><td>सुप्रिम एडभरटाइजिङ्ग</td><td>१४७०००</td><td>१४७००</td><td>१४९४९९</td><td>फोटोकपी बिल</td></tr>
<tr><td>४२।०७८।३।२५</td><td>सिम्पल एड मिडिया प्रा.लि.</td><td>१२९६००</td><td>१९४४०</td><td>१२४४८०</td><td>फोटोकपी बिल</td></tr>
<tr><td>१।०७८।३।४ (एकिकृत स्वस्थ्य पू.)</td><td>सिम्पल एड मिडिया प्रा.लि.</td><td>१५१२००</td><td>२२६८०</td><td>१४५२२७</td><td>फोटोकपी बिल</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६९१०००</td><td>८३१४०</td><td>६८६८८१</td><td></td></tr>
</table>
</td><td>८९,६१०</td></tr>
<tr><td>६४.२</td><td></td><td></td><td>माथि तालिकामा उल्लिखित संघीय हस्तान्तरित कार्यक्रम अन्तर्गत भौचर नं. २३ र ४२ को क्रमशः मु.अ.कर समेत रु१४९४९९। र रु.१२४४८०। तथा एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत भौचर नं.१ को १४५२२७। समेत रु.४१९२०६।०० को फोटोकपी बिल संलग्न भएकोले सक्कल बिल र कर समायोजन पत्र पेश हुनुपर्ने रु.</td><td>४१९,२०६</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>मोबिलाईजेशन पेश्की<br>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पूँजिगत) अन्तर्गत सरस्वती मा.बि.को छात्राबास भवन निर्माण गर्ने निर्माण व्यवसायी न्यु कालिका निर्माणलसेवालाई भौचर नं. २८ बाट २०७८।३।३० मा रु.९८२०००। मोबिलाइजेशन पेश्की दिएको छ । त्यस्तै एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत भौ.नं.९ मिति २०७८।३।२४ बाट १० शैयाको आधारभूत अस्पताल अस्पताल भवन निरमाण गर्ने निर्माण व्यवसायी रोयल कन्स्ट्रक्सन धनगढीलाई रु.६३१४५७०। मोबिलाइजेशन पेश्की दिएको छ । उक्त दुबै पेश्कीको म्याद बाँकी रहेको छ । उक्त पेश्की सम्झौता अनुसार फछ्र्यौट हुनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **सरस्वति मा वि छात्रावास मर्मच**<br>सरस्वती मा.बि.छात्राबास भवन मर्मतको लागि यस कार्यक्रमबाट रु.३५ लाख बजेट बिनियोजन गरेको छ । पालिकाले रु.३७०९८०८। को लागत अनुमान तयार गरी रु.३७४३२०। जनश्रमदान र रु.३३३५४५०। भुक्तानी गर्ने गरी २०७७।१२।४ मा सम्झौता गरेको थियो । तर रु.२९५३१७५। मा कार्य सम्पन्न गरी रु.२६५४३०९। भुक्तानी गरेको देखियो । उक्त मर्मत कार्य लागत अनुमानको तुलनामा ७९.६२ प्रतिशत मात्र सम्पन्न गरेको आधारमा कार्य सम्पन्न देखाएको छ । यसरी पुरै सम्पन्न नगरी कार्य सम्पन्न गर्न मिल्दैन । उक्त मा.बि.को नयाँ छात्राबास निर्माणको लागि संघीय सरकारको हस्तान्तरित कार्यक्रमबाट पनि बजेट व्यवस्था भई २०७८।३।२० मा न्यू कालिका निर्माण सेवासंग रु.१ करोड ११ लाख ७० हजारमा ठेक्का सम्झौता भएको छ । यसरी एउटै छात्राबासको लागि संघीय र प्रदेश सरकारबाट बजेट बिनियोजन भई निर्माण कार्य हुँदा कार्यक्रममा दोहोरोपना हुन जाने र अनुगमन तथा अभिलेखीकरणमा पनि कठिनाई हुने हुँदा पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६७ | | | **निर्माण कार्यको गुणस्तर**<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ)अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता गुणस्तर परीक्षण कार्य गराएको पाइएन । यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतःनियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षणलाई अनिवार्य गर्नु पर्दछ । | |
| ६८ | | | **ठेक्का व्यवस्थापन** | |
| ६८.१ | | | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा सार्वजनिक खरिद व्यबस्थापनका लागि रु. ५ लाख सम्म सोझै खरिद, रु. २० लाखसम्म सिलवन्दी दरभाउपत्र तथा सोभन्दा बढी बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । पालिकाले यस वर्ष निम्नानुसारको ११ वटा योजना ठेक्का मार्फत गरेकोमा देखियका व्यहोरा निम्नानुसार छन् । | |

| ठे.नं. | निर्माण व्यवसायी | कार्यबिवरण | कुल लागत | Bidder संख्या | ठेक्का रकम भ्याट समेत | घटी प्रतिशत | भुक्तानी रकम भ्याट समेत | सम्पन्न गर्नुपर्ने मिति | ;DkGg प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| EBCWN/NCB/O1/077/78 | किमडेश्वरी निर्माण सेवा | भवन निर्माण | ३१८५०४६ | २ | ३१२९१८२ | (1.75) | २१४८१८२ | २०७८।०२।३० | ८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | EBCWN/NCB/O2/077/78 | सेति निर्माण सेवा | भवन निर्माण | ३१८५०८२ | २ | २९२६३९७ | (8.12) | १४०२२८७ | २०७८।०२।३० | ४० | |
| | | | BLD/NCB/077/78 | रोयल कन्सट्रक्सन्स | भवन निर्माण | ९२०६५१८८ | ५ | ७८३१७६३० | (14.93) | ६३१४५७० | २०८०।०९।२४ | ० | |
| | | | EW/NCB/O3/077/78 | अग्नि शिखा निर्माण सेवा | विधुत लाईन विस्तार | २५२२३९४ | ६ | २१४८१८६ | (14.84) | २१३५००० | २०७८।०१।२५ | ९८ | |
| | | | R/NCB/O5/077/78 | आ ई ए स कन्सट्रक्सन्स | सडक निर्माण | ५४०५५३८ | १० | २५६८३० | (52.49) | २३५००० | २०७८।१२।३० | ० | |
| | | | R/NCB/O6/077/78 | वि एस कन्सट्रक्सन्स | सडक निर्माण | ५८२९३०४ | ११ | २७१२१६४ | (53.47) | २४०००० | २०७८।१२।३० | ० | |
| | | | SQ/O2/077/78 | जे आर निर्माण सेवा | सिचाई | १३४९०११ | ३ | ९३५८९४ | (30.62) | 0 | २०७८।०३।२० | ० | |
| | | | SQ/O3/077/78 | जे आर निर्माण सेवा | सिचाई | १३४५३९१ | ३ | ९८०७२७ | (27.10) | 0 | २०७८।०३।२० | ० | |
| | | | B/NCB/O8/0११077/78 | न्यु कालिका निर्माण सेवा | भवन निर्माण | १६९९७०१२ | १७ | १११०६०३४ | (34.66) | ९४२००० | २०८०।०३।२४ | ० | |
| | | | WS/NCB/O4/077/78 | आर के निर्माण सेवा | खानेपानि | ३९२८१४९ | ११ | २४४७९३१ | (37.68) | 0 | २०७८।०३।२४ | ० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>PRM/DOTI/NCB/0O3/077/78</td><td>डि आर कन्सट्रक्सन्स</td><td>सडक निर्माण</td><td>१०००००००</td><td>१</td><td>९४४९५१७</td><td>(5.50)</td><td>८९२८९९९</td><td>२०७७।०९।१५</td><td>९५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१४५८१२११६</td><td>७१</td><td>११६७२१९६५</td><td>(19.95)</td><td>२२३४६०३८</td><td></td><td></td></tr>
</table>
ठेक्का व्यवस्थापन सम्बन्धी देखिएका व्यहोराहरु देहाय अनुसार छन् ।</td><td></td></tr>
<tr><td>६८.२</td><td></td><td></td><td>आर्थिककार्यविधि नियमावली अनुसार प्रथम चौमासिकभित्र ठेक्का सम्झौता सम्बन्धी कार्य सम्पन्न गर्नुपर्नेमा पालिकाले अधिकाँश ठेक्का तेस्रो चौमासिकमा मात्र सम्पन्न गरेको देखियो । यसरी बर्षान्तमा सम्झौता गर्दा साल बसाली शुरु गरेका निर्माण कार्य सम्बन्धित आर्थिक बर्षमा सम्पन्न नहुने र बर्षान्तमा कार्यबोझ हुनाको साथै गुणस्तर कायम राख्न समेत कठिनाई हुने हुँदा समयमै ठेक्का सम्झौता गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६८.३</td><td></td><td></td><td>यस बर्ष पालिकाले ११ वटा निर्माण कार्यको लागि रु.१४ करोड ५८ लाख १२ हजारको लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा ९ वटा बोलपत्र र २ वटा सिलबन्दी दरभाउपत्र माग गरी रु.११ करोड ६७ लाख २२ हजारमा सम्झौता गररेको छ । ती कार्यको लागि १ देखि १७ वटासम्म कुल ७१ बोलपत्र दर्ता भएको र लागत अनुमानको तुलनामा १.७५ प्रतिशतदेखि ५३.४७ प्रतिशसम्म घटीमा सम्झौता भएको देखियो। सोमध्ये ३ वटा ठेक्कामा १ देखि २ वटा मात्र प्रस्ताव दर्ता भएको र लागत अनुमानको तुलनामा १० प्रतिशतभन्दा कम घटेको पाइयो । ठेक्का नं. ३ को सडक निर्माण कार्यको लागत अनुमान रु.१ करोड भएकोमा १ वटा मात्र बोलपत्र परेको र ५.५ प्रतिशत मात्र घटेको पाइयो । ती ठेक्कामा पर्याप्त प्रतिस्पर्धा भएको देखिएन । तर सडक निर्माणकै अन्य ठेक्कामा भने ११ वटासम्म बोलपत्र परी ५३ प्रतिशसम्म घटीमा सम्झौता भएको छ ।</td><td></td></tr>
<tr><td>६८.४</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६३ मा समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई म्याद थप, पूर्वनिर्धारित क्षतिपूर्ति, ठेक्का रद्द गर्ने जस्ता कारवाही गर्नुपर्ने व्यवस्था छ । कुल ठेक्कामध्ये ५ वटा ठेक्काको सम्पन्न गर्ने अवधि २०७७।९।१५ देखि २०७८ आषाढ २४ सम्म रहेकोमा कुनैपनि कार्य सम्पन्न भएको देखिदैन । ठेक्काको बिवरण अनुसार ३ वटा कार्यको भुक्तानी भएको देखिदैन । सम्झौता अनुसार समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई पूर्वनिर्धारित क्षतिपूर्ति लिई कार्यसम्पन्न गराउने र नियमानुसार ताकेता गर्दा पनि कार्य प्रगति नगरेमा सङ्झौताको व्यवस्था अनुसार कारवाही गर्ने र जमानत जफत गरी सम्झौता रद्द गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **कर कट्टि**<br>आयकर ऐन २०५८ को दफा ८७(१) मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्ति गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिमका दरले हुने कर कट्टी गर्नु पर्ने उल्लेख छ । पालिकामा मेडिकल अधिकृत श्री अंकित रेग्मी 2077/6/11 देखि मासिक रु.120000 पारिश्रमिक पाउने गरि नियुक्ति गरेको देखिन्छ । निजको ९ महिना २० दिनको करयोग्य आय रु.1160000 छ । आयकर ऐन अनुसूची १ अनुसार कट्टि गर्नुपर्ने रकम रु.192000 कट्टी गर्नु पर्नेमा रु.80000 मात्र कट्टी गरेकोले नपुग कर रकम दाखिला गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा निजबाट असुल गरि दाखिला गरिनुपर्ने रू. | १११,९७५ |
| ७० | | | **मुल्य अभिवृद्धि कर भुक्तानी**<br>**625/078/3/24** आर्थिक ऐन, 2077 मा पुस्तक खरिद विक्रिमा मूल्यअभिवृद्धि कर नलाग्ने व्यवस्था छ । पालिकाले संविधान निर्माण र घटना र अभुभूति पुस्तक 100 थान रु.102488 मा महावै ट्रेड सेन्टर प्रा.ली संग सोझै खरिद गर्दा मुल्यअभिवृद्धि कर रु.13324 थप गरी रु.115812 भुक्तानी गरेको देखिन्छ । आर्थिक ऐन विपरित मूल्यअभिवृद्धि कर छुट भएको सामान खरिदमा उक्त कर भुक्तानी भएकोले ऐन विपरितको भुक्तानी असुल हुनुपर्ने रु. | १३,३२४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१</td><td></td><td></td><td>

**भ्रमण खर्च**

सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची 1(क) मा वडा अध्यक्षको दैनिक भ्रमण भत्ता वापत भ्रमण गरेको समयमा दैनिक रु.1200 को दरले भुक्तानी पाउने व्यवस्था छ । पालिकाले निम्न वडा अध्यक्षहरुलाई विभिन्न समयमा दैनिक भ्रमण भत्ता खर्च लेख्दा दैनिक रु.1400 को दरले भुक्तानी गरी प्रति दिन रु.200 वढी भुक्तानी गरेको देखिन्छ। पदाधिकारी सुविधा सम्बन्धि ऐन विपरित वढी भुक्तानी भएको सम्बन्धित पदाधिकारीबाट असुल हुनुपर्ने रु.

<table>
<tr><th>भ्रमण गर्ने व्यक्ति</th><th>रकम रु</th></tr>
<tr><td>२ नं. वडाध्यक्ष श्री योगेन्द्र वहादुर ठकुल्ला</td><td>10800</td></tr>
<tr><td>3 नं. वडाध्यक्ष श्री अमर वहादुर चयाड</td><td>14400</td></tr>
<tr><td>5 नं. वडाध्यक्ष श्री पदम वहादुर धानुक</td><td>13400</td></tr>
<tr><td>6 नं. वडाध्यक्ष श्री देव वहादुर थापा</td><td>14400</td></tr>
<tr><td>जम्मा</td><td>53000</td></tr>
</table>

**कार्यालयको मिति २०७८।८।२४ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको २ नं. वडाध्यक्ष श्री योगेन्द्र वहादुर ठकुल्लाको रु.१०८००।, ५ नं. वडाध्यक्ष श्री अमर वहादुर चयाडको रु.१४४००। र ५ नं. वडाध्यक्ष श्री पदम वहादुर धानुकको रु.१३४००। समेत रु.३८६००। मिति २०७९।१।१२ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।**

</td><td>१४,४००</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>

**बढी भुक्तानि**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39 (5)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न राखि सोहि अनुसार भुक्तानी गर्नुपर्ने व्यवसेथा छ । पालिकाले निम्न भौचरबाट खर्च लेख्दा वास्तविक खर्चभन्दा वढीको खर्च भौचर उठाई खर्च लेखेकोले वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

</td><td>२५४,२००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| भौ.न/मिति | भुक्तानी पाउने | वढी भुक्तानी रकम | भुक्तानीको विषय |
|---|---|---|---|
| 605/078/3/23 | वडा सचिव श्री कुमार सिंह रावत | 20000 | 10 वटा वडा वैठकको खर्च रु.75000 भएकोमा गोश्वरा भौचरमा रु.95000 खर्च लेखेको । |
| 55/077/7/4 | सिप्रदि ट्रेडिङ्ग प्रा.ली | 2000 | से १ झ 254 को गाडी मर्मत खर्च रु.54694 भएकोमा गोश्वरा भौचमा रु.56694 खर्च लेखेको |
| 231/077/10/12 | वडा नं.२ वडा सचिव श्री कुमार सिंह ओली | 35700 | स्थानीय तह पदाधिकारी सुविधा सम्बन्धि ऐनमा वडा वैठक भत्ता वापत प्रति वैठक रु.1000 रहेकोमा प्रति वैठक रु.1500 को दरले भुक्तानी गरी रु.500 (12 वैठकको ७ जनाको) वढी भुक्तनी भएको । |
| 663/078/3/31 | श्री हरिभक्त साउद पेश्की फर्छौयट | 10000 | स्थानीय तह पदाधिकारी सुविधा सम्बन्धि ऐनमा वडा वैठक भत्ता वापत प्रति वैठक रु.1000 को दरले भुक्तानी हुनु पर्नेमा विभिन्न 20 जना पदाधिकारी/कर्मचारी<br>प्रति वैठक रु.1500 को दरले भुक्तानी गरी रु.500 वढी भुक्तनी भएको । |
| 650/078/3/27 | विभिन्न 17 जना पदाधिकारी | 25500 | स्थानीय तह पदाधिकारी सुविधा सम्बन्धि ऐनमा वडा वैठक भत्ता वापत प्रति वैठक रु.1000 रहेकोमा प्रति वैठक रु.1500 को दरले भुक्तानी गरी रु.500 (3 वैठकको 17 जनाको) वढी भुक्तनी भएको । |
| 542/078/3/15 | 2077 भाद्र 11 देखि 078 जेष्ठ ३१ सम्मको कार्यपालिका वैठक<br>भुक्तानी भएको श्री लक्ष्मण बहादुर खड्का | 161000 | स्थानीय तह पदाधिकारी सुविधा सम्बन्धि ऐनमा वडा वैठक भत्ता वापत प्रति वैठक रु.1000 रहेकोमा प्रति वैठक रु.1500 को दरले भुक्तानी गरी रु.500 (23 वैठक भित्रको 16 जनाको) वढी भुक्तनी भएको । |
| **जम्मा** | | **254200** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **इलेक्ट्रिक सामान मर्मत सम्झौता**<br>पालिकामा रहेका ल्यापटप, डेक्सटप कम्प्यूटर, फोटोकपी मेशिन, एसि, प्रिन्टर र टीभी र इलेक्ट्रिक हाजिरीलगायतका जिन्सी सामाग्री मर्मत गर्न 2077/6/8 मा एस कम्प्युटर एण्ड सप्लायर्स संग मासिक रु.7200 भुक्तानी गर्ने गरी सम्झौता भएको देखिन्छ । आर्थिक वर्ष 076/077 को जिन्सी निरिक्षण प्रतिवेदनमा उक्त सामान चालु हालतमा रहेको भनि प्रतिवेदन पेश भएको छ । 2078/3/7 मा पेश भएको फोटोकपि विल अनुसार एकै पटक १० महिनाको रु.81360 भुक्तानी भएको देखिन्छ । भुक्तानी गर्दा कुन महिनामा के-कति जिन्सी सामाग्री मर्मत गरेको हो र १० महिनामा कति मर्मत गरि उक्त रकम खर्च लेखियो सो खुल्दैन । पालिकाले मर्मत अभिलेख राखेकै छैन । तसर्त उक्त जिन्सी सामाग्री वास्तविकरुपमा मर्मत भै भुक्तानी भयो भनि आश्वस्त हुन नसकिएको रु. | ८१,३६० |
| ७४ | | | **सक्कल विल पेश नभएको**<br>**510/078/3/13** मुल्यअधिवृद्धि कर नियमावलि, 2052 अनुसार रित पुर्वको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वि.एस.वी सप्लायर्स (भ्याट नं.607185384) संग सर्जिकल मास्क, भीटीएम, विपी सेट र अक्सिजन कन्सट्रेटर खरिद गरी रु.1422930 भुक्तानी गर्दा विजक नं.248/2078/2/2 बाट रु.450002 विजकको फोटोकपी विल पेश गरेकोले सक्कल विल पेश गर्नेपर्ने रु. | ४५०,००२ |
| ७५ | | | **प्रमाण विनाको भुक्तानि**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायवली,2077 को नियम 39(5)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी स्थानिय सरकार संचालन ऐनमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा 2 थान वस, 15 थान मोटरसाइकल (वडमा समेत) र पिक अप भ्यान १ वटा रहेको विवरण पेश भएको छ। पालिकाले यस वर्ष ईन्धन खर्च वापत रु.4230000 खर्च लेखेको छ । इन्धन खर्च लेख्दा सवारी लकबुक समावेश नगरी खर्च लेखेको छ । आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरी इन्धन खर्चमा मितव्यिता अपनाउनु पर्दछ । | २००,००० |
| ७६ | | | **613/078/3/24** वडा नं. ५ मा कृषि भोलिन्टियर कार्य गरेको भनि श्री सिव धानुकलाई १० महिनाको रु.180000 डोर हाजिरको आधारमा पारिश्रमिक कर्मचारी र सेवा परामर्श शिर्षकबाट खर्च लेखेको छ । पालिकामा कृषिशाखाको दरवन्दी पदपुर्ति भएको देखिन्छ । भोलिन्टर सेवा दिदाको नियुक्ति पत्र सेवा सुविधाको सम्झौता पेश हुन सकेन । कर्मचारीबाटनै गर्न सक्ने कार्य भोलिन्टरमा नियुक्ति गरी पारिश्रमिक भुक्तानी गर्नु नियमसंगत मान्न नसकिएको रु. | १८०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७७</td><td></td><td></td><td>

**बैठक भत्ता**

कार्य संचालन निर्देशिका २०७५ को बुँदा नं.7.1.1 मा बैठक कार्यालय समय अघि र पछी हुनु पर्ने साथै एउटै निकायर र अन्तर्गतका कर्मचारी/पदाधिकारी बस्ने वैठकमा भत्ता वितरण गर्न नपाइने व्यवस्था छ । तर पालिकाले निम्न भौचरबाट कार्यालय समय भित्रै र कर्मचारी वैठक भत्ता भनि खर्च लेखेकोले निर्देशिका विपरित भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु.

<table>
<tr><th>भौ.न/मिति</th><th>बैठकको एजेण्डा</th><th>वैठक वसेको मिति</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">83/077/7/26</td><td rowspan="2">रोजगार केन्द्रमा प्राविधिक सहायक भर्ना</td><td>2077/5/9</td><td>12750</td><td>मंगलबार 3:30 वजे वैठक वसी 10 जनालाई भुक्तानी</td></tr>
<tr><td>2077/5/9</td><td>11475</td><td>मंगलबार 5:00 वजे वैठक वसी 9 जनालाई भुक्तानी</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>24225</td><td></td></tr>
</table>

</td><td>२४,२२५</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>

**इन्धन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायवली,2077 को नियम 39(5)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी स्थानिय सरकार संचालन ऐनमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा 2 थान वस, १5 थान मोटरसाइकल (वडमा समेत) र पिक अप भ्यान १ वटा रहेको विवरण पेश भएको छ। पालिकाले यस वर्ष ईन्धन खर्च वापत रु.4230000 खर्च लेखेको छ । इन्धन खर्च लेख्दा सवारी लकबुक समावेश नगरी खर्च लेखेको छ । आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरी इन्धन खर्चमा मितव्यिता अपनाउनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>

**दलित क्षेत्र विकास कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2075 को दफा 24 को उपदफा 2 मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, साथै स्थानीय सरकार संचालन ऐनमा स्थानीय सरकारले कार्यविधि तयार गरी मितव्ययि तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले दलित क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि तयार नगरी रु.1350000 बजेट विनियोजन गरी गाउँ सभाको हिउँदे अधिवेशन बाट प्रत्येक वडामा 192000 वजेट विनियोजन गरी निम्नानुसारको वितरणमूखी कार्य उपभोक्ता समिति मार्फत गराएको छ । पालिकाले उच्च दिगो र प्रतिफल दिने कार्यक्रममा निर्देशिका तयार गरि खर्च गर्नुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| **वडा** | **उपभोक्ता समितिको प्रस्ताव अनुसार गर्नुपर्ने कार्य** | **लाभान्वित परिवार संख्या** | **खर्च रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | खाद्यन्न वितरण | 184 परिवारलाई दाल, चामल, तेल, नुन र सावुन वितरण | 192000 | परिवार छनौट र वितरणकोको आधार पेश नभएको । |
| 2 | वाख्रा वितरण | 18 घर परिवारलाई वितरण | 192000 | |
| 3 | खाद्यन्न वितरण | 150 परिवारलाई दाल, चामल वितरण | 192000 | |
| 4 | रकाल महिला, एचआइभि संक्रमित, अपांगता भएको व्यक्ती, दलित विपन्न र खाद्यन्न वितरण | 75 परिवारलाई दाल, चामल, तेल, सावुन र नुन वितरण | 192000 | |
| 5 | खाद्यन्न वितरण | 163 परिवारलाई चामल, दाल र नुन वितरण | 192000 | |
| 6 | जिविकोपार्जन सम्बन्धि तालीम र विउ विजन खरिद तथा वितरण | - | 192000 | |
| 7 | व्याण्ड बाजा खरिद | वडा कार्यालयमा रहेको जानकारी | 192000 | |
| **जम्मा** | | | **1344000** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | | | **सामुदायिक स्वास्थ्य इकाई अनुदान**<br>पालिकामा रहेका निम्न स्वास्थ्य इकाई तथा ल्याव संचालन गर्नको लागि रु.1750000 विनियोजन भई गाउँपालिकाको वैठक नं.37 मिति 2075/12/10 को निर्णयानुसार अनुदान खर्च गर्नको लागि वडा स्तरीय स्वास्थ्य व्यवस्थापन समितिको निर्णय तथा नियुक्ती, हाजरी, स्वास्थ्य चौकीको पत्र तथा कार्यप्रतिवेदन साथ अन्य आवश्यक कागजातका आधारमा समितिको खातामा रकम निकासा गर्ने निर्णय भएको देखिन्छ । सो निर्णय वेगर सामूदायिक स्वास्थ्य इकाई संचालन अनुदान खर्च विल भरपाई पालिकामा पेश नगरी निम्न स्वास्थ्य चौकीको खातामा निकासा खर्च देखेको देखियो । अनुदान संचालन कार्यविधि तयार नगरी खर्च लेखेको खर्च प्रामाणीत विल भरपाई पेश नभएकोले उक्त अनुदानको लेखापरीक्षण भएको छैन । | |

| **क्र.श** | **स्वास्थ्य चौकी** | **अनुदान रकम** |
|---|---|---|
| १ | वगलेक स्वास्थ्य चौकी | 318000 |
| 2 | गैरगांउ स्वास्थ्य चौकी | 350000 |
| 3 | गाजरी स्वास्थ्य चौकी | 350000 |
| 4 | पोखरी स्वास्थ्य चौकी | 700000 |
| | **जम्मा** | **1718000** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८१ | | | **भ्रमण खर्च**<br><br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान<br>दिनुपर्दछ । | |
| ८२ | | | **सामाजिक सुरक्षा तर्फ**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ । | |
| ८३ | | | **आन्तरिक लेखापरीक्षबाट कायम बेरुजु**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याइका व्यहोरा निम्न छन् । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औलाएका देहाय अनुसारका बेरुजूहरु अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फछ्र्योट गरेको नपाइएको रू.<br><br>**भौ.न/मिति** \| **व्यहोरा** \| **रकम** | ४,१२४,१२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | 489/078/3/7 | श्री जनकल्याण वहुउदेश्य सहकारी संस्थाले प्रस्ताव गरे अनुरुपको कार्यनै नगरेको हुँदा उक्त रकम असुल हुनुपर्ने रु. | 300000 | |
| | | | 482/078/3/7 | आर्थिक प्रशासन नियमावलीको मर्म विपरित आर्थिक प्रशासन शाखावाट निवेदनको भरमा चन्द्र वहादुर विष्टको नामा भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु. | 30500 | |
| | | | 510/078/3/13 | वि.एन.वि सप्लायर्स धनगढी कैलालीलाई भुक्तानी भएको रु.1422930 को एकैपटक कोटेशनका आधारमा कारोवार गरेको पाइयो आर्थिक पर्शासन नियमावली अनुसार लागत अनुमान तयार गरी शिलवन्दी दरभाउपत्रमार्फत खरिद गर्नेपर्नेमा सो नगरेको देखिएको रु. | 1422930 | |
| | | | 641/078/3/25 | शाजेन्द्रश्वर मोटरसाइकल मर्मत सेन्टरुलाई भुक्तानी गरेको रकमको मोटर साइकल मर्मत भनि खर्च लेखेकोमा कुन मोटरसाइकल मर्मत गरेको हो उल्लेख नभएको हुँदा कारोवार प्रमाणित नभई खर्च लेखेकोले अनियमित देखिएको रु. | 35770 | |
| | | | 275/078/3/13 | सुप्रीया एडभरटाइजिङ ललितपुरलाई विज्ञापन गरे वापतको रकम भुक्तानीमा सक्कल बिल भरपाई भेश नभएको हुँदा सक्कल विल पेश गर्नुपर्ने रु. | 192913 | |
| | | | 248/078/3/4 | सिम्पल एण्ड मिडिया प्रा.लि लाई भुक्तानी भएको रकम सक्कल विल पेश नभएकोले सक्कल विल पेश गर्नुपर्ने रु. | 199015 | |
| | | | 294/078/3/14 | गाउँपालिका अनुदानबाट देविस्थान आ.वि मा कर्यरत शिक्षकको तलव भत्ता भुक्तानी भएकोमा भुक्तानीका आधार प्रमाण पेश हुनुपर्ने रु. | 106000 | |
| | | | 362/078/3/23 | किसान होटल एण्ड लजको नाममा विभिन्न अन्य पसल समेतको विल संलग्न राखी रकम भुक्तानी गरेको पाइयो । कार्यालयले आर्थिक वर्ष 077/078 का लागि क्यान्टिनको बोलपत्रको माध्यमबाट दर रेटसमेत व्यवस्था गरेकोमा सम्झौता विपरित महङ्गो मुल्यमा अन्यसँग कारोवार गरेकोले उक्त रकम अनियमित देखिएको रु. | 275000 | |
| | | | 193/151/138 | आर्थिक प्रशासन नियमावली बमोजिम कार्यालयबाट गरिने खर्चमा कार्यक्रम संचालन गर्दा संस्था तथा फर्मबाट कोटेशन, टेण्डर प्रक्रियाबाट कारोवार गर्नु पर्नेमा सिधै कर्मचारी श्री उदयराम साउँद कर्मचारीको नाममा सामान खरिद लगायतको कार्य गरेकोले उक्त रकम नियमसंगत मान्न नसकिएको रु. | 1224600 | |
| | | | 254/078/3/31 | पशु सेवा शाखाका कर्मचारी श्री शंकर सिंह साउँदको नाममा रहेको पेश्की फछ्यौंटमा पालिकाका 7 वटै वडामा कार्यक्रमको उदेश्य विपरित वडाको एकमात्र व्यक्तीलाई कुखुरा वितरण गरिएको, कुखुरा संख्या 149 का दरले वितरण गरेको, भरपाईमा सहि नगरी नाम मात्र समावेश | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | | गरिएको साथै वडा कार्यालयको कुनै संलग्नता नदेखिएको र वडा नं.4 का कुखुरा प्राप्त गर्ने व्यक्ती लोक वहादुर खड्कालाई सोध्दा ८० वटा मात्र पाएको प्रतिक्रिया पालिकामा आइ जनाएको हुँदा खर्च रकम छानविन गरी खर्च प्रमाणित हुनुपर्ने रु. | 337400 | |
| | | | **जम्मा** | | **4124128** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४ | | | **पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०77 को नियम 47 मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्की दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।पेश्की बाकीको विवरण (म.ले.प.फा.नं.211) अनुसार पेश्की बाकी देखिएको पेश्की फर्छयौट हुनु पर्ने रु. | १,३००,००० |

| **भौ.नं/मिति** | **पेश्की लिनेको नाम** | **योजनाको नाम** | **म्याद नाघेको** | **म्याद ननाघेको** |
|---|---|---|---|---|
| 267/078/3/8 **(मोविलाइजेशन पेश्की)** | वि.एस.कन्स्ट्रक्सन | चौखुट्टे काडामाण्डौ सडक | 246000 | 0 |
| 488/078/3/8 **(मोविलाइजेशन पेश्की)** | गभरनेन्स मिडिया रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर | सार्वजनिक सुनुवाई | 200000 | 0 |
| 28/078/3/20 **(मोविलाइजेशन पेश्की)** | न्यू कालिका निर्माण सेवा | सरस्वती मा.वि छात्रावास निर्माण | 982000 | 0 |
| 353/078/3/23 **(मोविलाइजेशन पेश्की)** | आई.एस कन्स्ट्रक्सन प्रा.ली | कुनिगडा गाजरी सडक निर्माण | 117500 | 0 |
| 353/078/3/23 **(मोविलाइजेशन पेश्की)** | आई.एस कन्स्ट्रक्सन प्रा.ली | कुनिगडा गाजरी सडक निर्माण | 117500 | 0 |
| 33/077/10/12 | दल्ल खिरखैन खा.पा उ.स | खानेपानी निर्माण | 0 | 120000 |
| 18/078/3/3 | स्थानिय तह खेलग्राम उ.स | खेलग्राम निर्माण | 900000 | 0 |
| 23/078/3/3 | योगेन्द्र बहादुर बोगटी | अध्यक्ष,उपाध्यक्ष र राष्ट्रपति रनिङ्ग सिल्ड सञ्चालन | 400000 | 0 |
| **जम्मा** | | | **2963000** | **120000** |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | | | **कोभिड १९ तर्फ**<br><br>कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७8 असार मसान्तसम्मको प्राप्त रकम र खर्च सम्बन्धी बिबरण अनुसार कार्यालयले रू.2000000 आम्दानी भएको विवरण पेश गरेको छ भने असार मसान्त सम्ममा रू.924600 खर्च भएको देखाएको छ । असार मसान्त सम्ममा खर्च नभई रू.1075400 बाँकी रहेको देखिन्छ । कार्यालयले देहाय अनुसार आम्दानी र खर्चको विवरण पेश गरेको छ । | |

| **बजेट/आम्दानीको स्रोत** | **२०७८ असार मसान्तसम्म प्राप्त रकम** | **खर्च शीर्षक** | **२०७८ असार मसान्तसम्म खर्च रकम** |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | 2000000 | राहात वितरण | ०.० |
| प्रदेश सञ्चित कोषबाट | ०.० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | 0 |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | 474600 |
| संघीय कोभिड कोषबाट | ०.० | जनशक्ति परिचालन | 450000 |
| प्रदेश कोभिड कोषबाट | ०.० | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | 0 |
| अन्य स्रोतबाट प्राप्त | ०.० | स्वास्थ्य पूर्वाधार निर्माण | 0 |
| | | अन्य शीर्षकमा भएको खर्च | 0 |
| | | बाँकी | 1075400 |
| **जम्मा** | **2000000** | **जम्मा** | **2000000** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट आर्थिक वर्ष 2076/077 को निम्नानुसार बेरुजू फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गरिएकोमा संपरीक्षण भएकोले पालिकालेनै लगत कट्टा गरीबेरुजु अद्यावधिक गर्नुहुनेछ | |

| दफा | बेरुजुको छोटकरी विवरण | फर्छ्यौटको व्यहोरा | फर्छ्यौट रकम |
|---|---|---|---|
| 65 | **निम्न वडा सचिवहरुको कानून विपरितको भत्ता असुल हुनुपर्ने ।**<br>1श्री हरिओम श्रेष्ठ रु.134850<br>2श्री हेमराज जोशी रु.134850<br>3श्री विर ब. खड्का रु.105000<br>4श्री भिम ब. बोगटी रु.134850<br>5श्री नरेश सिंह.बुढाथोकी रु.134850<br>6श्री कुमार सिंह.रावत रु.134850 | उक्त बेरुजु रकम आन्तरीक राजस्व खातामा दाखिला भएको प्रमाण पेश भएको । | 770250 |
| 63 | **निम्न पदाधिकारीको दैनिक भ्रमण भत्ता लिएको समयमा स्थानीय भत्ता कट्टी नगरेको**<br>1श्री टेक ब.खड्का रु.8273<br>2श्री लोग ब.खड्का रु.4692<br>3श्री कृष्ण ब.खड्का रु.4232<br>4श्री नवराज जोशी रु.3956<br>5श्री लाल ब.कुवर रु.2314<br>6श्री पदम शिर्माल रु.2986<br>7श्री महाविर वोहरा रु.2613 | उक्त बेरुजु रकम आन्तरीक राजस्व खातामा दाखिला भएको प्रमाण पेश भएको । | 37456 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | 8श्री कल्पना कु.थापा रु.4508<br>9श्री डम्बर ब.खड्का रु.3882 | | | |
| | | | 84 | कार्य सञ्चालन निर्देशिका विपरितको भत्ता असुल हुनुपर्ने रु.14250 | उक्त बेरुजु रकम आन्तरीक राजस्व खातामा दाखिला भएको प्रमाण पेश भएको । | 14250 | |
| | | | 61 | बैठक भत्ता वढी भुक्तानी रु.10200 | उक्त बेरुजु रकम आन्तरीक राजस्व खातामा दाखिला भएको प्रमाण पेश भएको । | 10200 | |
| | | | | **जम्मा** | | **832156** | |